# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क ८ कात्तिक/मंसिर November 2011

नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हजु़रआमाले आफ्माथि भएका अन्यायलाई चु़पचाप सहे, हामी यसलाई तोडौँ !!**

# छाउपडी : जारी छ अन्धविश्वासको सिलसिला

**महिनावारी भएका बेला महिलाले दही, दूध खाए गाईभैंसीले दूध दिन छोड्ने मान्यताका कारण दही, दूध खान दिइँदैन। यो अन्धविश्वासलाई यहाँका मानिसले पुस्तौंदेखि पछ्याउँदै आएका छन्। त्यस्तो बेलामा महिलाको खानेकुरा भनेको सुख्खा बाक्लो रोटी हो जुन पिसेको नुन-खोर्सानीसँग दिइन्छ। धेरैजसो परिवारमा भात खान दिइँदैन।**

✍ **हर्कबहादुर शाही**

अछामकी रमा क्षेत्रीले यसपटकको दशैं मनाउन पाइनन्, उनले मात्र नभएर उनका परिवारका सबै सदस्यले दशैं मनाउन पाएनन्, कारण रमा छाउ (महिनावारी) भएकी थिइन् र घरमा सबै सदस्य महिला थिए। अछामलगायतका सुदूरपश्चिमका केही जिल्लामा महिला मात्रै भएको घरमा कोही एकजना महिलाको रजस्वला भयो भने कसैले पनि दशैं मनाउन नमिल्ने परम्परा छ। 'गाउँमा सबैले दशैं मनाए तर म छाउ भएकीले मेरा बच्चाहरू टुलुटुलु हेरेर बसे, के गर्नु हाम्रो चलन नै यस्तै छ,' रमाले भनिन्। दशैंमा छाउ भएका परिवारले दशैं सकिएपछि सेलपुरी बनाएर खाने चलन छ। बडादशैंजस्तो महान् चाड मात्र नभएर अन्य चाडबाडहरू पनि छाउका कारण मनाइँदैन। सामाजिक कुसंस्कारका रूपमा रहेको छाउपडी प्रथाले महिलाको स्वास्थ्य, खानपान, सुरक्षाजस्ता अधिकारको हनन त गरेको छ नै चाडबाड मनाउनबाट समेत वञ्चित गरेको छ।

अछाम जिल्ला मंगलसेन गाविस वडा नं. ८ निवासी नन्दा धामीका अनुसार, महिलाको मासिक धर्म भएको बेलामा दही, दूध, गेडागुडी, दालजस्ता पोषणयुक्त खानेकुरा खानबाट पनि उनीहरूलाई वञ्चित गरिन्छ। महिनावारी भएका बेला महिलाले दही, दूध खाए गाईभैंसीले दूध दिन छोड्ने मान्यताका कारण दही, दूध खान दिइँदैन। यो अन्धविश्वासलाई यहाँका मानिसले पुस्तौंदेखि पछ्याउँदै आएका छन्। त्यस्तो बेलामा महिलाको खानेकुरा भनेको सुख्खा बाक्लो रोटी हो जुन पिसेको नुन-खोर्सानीसँग दिइन्छ। धेरैजसो परिवारमा भात खान दिइँदैन। बिहान-बेलुका दुवै छाक मकै या गहुँको बाक्लो सुख्खा रोटी नै खानुपर्छ तर हिजोआज भने केही परिवारमा भात पनि खाने चलन बढ्दै छ। तर, जे खाए पनि उनीहरूले अछुतका रूपमा छुट्टै परै बसेर खानुपर्छ। बिहान सबेरै उठेर अरूले प्रयोग गर्ने धाराभन्दा छुट्टै धारामा गएर उनीहरूले नुहाउनुपर्छ। कतिपय गाउँमा महिलाले महिनावारी हुँदा नुहाउने छुट्टै धारा बनाइएको हुन्छ भने कतिपय ठाउँमा हुँदैन। धारा नभएका गाउँका महिला महिनावारीका बेला छाँगा, खोला खोज्दै नुहाउने गर्छन्। छाउपडीलाई सबैले पानीखाने र नुहाउने अर्थात् सार्वजनिक धारा छुन बर्जित छ। छाउ भएकाले नुहाउने धारा या खोलालाई छाउ धारो या खोलो भनिन्छ। छाउले प्रयोग गरेको स्थानको पानी अरूले प्रयोग गर्दैनन्। त्यस्तो बेलामा महिलाले कुनै पनि मानिसलाई छुन पाइँदैन। भाँडाकुँडा, पानी, घरको आँगन कतै पनि उनीहरूले छुन पाउँदैनन्। यस्तै उनीहरूका लागि प्रतिबन्ध लागेको अर्को स्थान मन्दिर हो, मन्दिर वरपरको क्षेत्रमा उनीहरूले जान नमिल्ने नियम नै छ। छाउपडीहरूलाई प्रायः परालमा सुत्न लगाइन्छ, परालमाथि एउटा सानो पातलो ओछ्यान लगाएर छाउपडी घरमा उनीहरू सुत्छन्। उनीहरू सुतेको र उनीहरूले लगाएको कपडा अन्य मानिसले नदेख्ने ठाउँमा सुकाउनुपर्छ। उनीहरूको ओछ्यानलाई स्थानीय

भाषामा थडो भनिन्छ । उनीहरू बस्ने छाउपडी घरभित्र अरू मानिस पस्न मिल्दैन । छाउपडीबाहेकका मानिस सो घर (गोठ) मा पसे बाघले गाई, बाखा खाइदिन्छ भन्ने आमधारणा छ । अब त गाउँमा बाघ आउन छोड्यो, जङ्गल नै छैन, कसरी बाघले बाखा, गाई खान्छ र ? भन्ने प्रश्नमा अछामकै धनबहादुर धामीले भने, 'गाई, बाखा नखाए पनि अरू नै केही विनाश हुन सक्छ नि, देउता रिसाउँछन् ।'

नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका अछाम, बाजुरा, डडेल्धुरा, डोटी, बझाङलगायतका जिल्लामा सामाजिक विकृतिका रूपमा रहेको छाउपडी प्रथा परापूर्वकालदेखि नै स्थापित भएको ठानिन्छ । यसलाई महिलाविरुद्धको प्रथा परम्पराजनित हिंसाका रूपमा पनि लिन सकिन्छ । छाउपडी प्रथाअनुरूप पहिलोपल्ट रजस्वला हुने युवतीले ११ देखि १५ दिनसम्म (ठाउँअनुसार फरक) कुनै पनि पुरुष र सूर्यलाई हेर्न मिल्दैन । छाउपडी भएकाहरूलाई घरबाट टाढा बनाइएको गोठमा बस्न लगाइन्छ र उनीहरूलाई विद्यालय पठाइँदैन । यस्तै दोस्रोपटकदेखि मासिक धर्म हुने केटीहरू र अन्य महिलाले यस्तो बेलामा सात दिनसम्म अँध्यारो र साँघुरो छाउपडी गोठमा बस्नुपर्ने हुन्छ । छाउपडी गोठ भनिने ती साँघुरा गोठहरू होचा र चिसा हुने हुनाले महिलाको स्वास्थ्य र सुरक्षाका दृष्टिले अत्यन्त जोखिमपूर्ण छन् । ती गोठमा बस्ने महिलालाई जङ्गली जनावर, सर्पलगायतबाट सधैं जोखिम छ र कतिले त ज्यान पनि गुमाइसकेका छन् । यस्तो गोठ घरबाट टाढा हुने हुनाले कतिपय महिला यौनहिंसा र बलात्कारको सिकार पनि भएका छन् ।

महिलाको जैविक संरचनाका कारण निश्चित उमेरमा प्राकृतिक रूपमा हुने मासिक धर्मको शब्द 'मिन्सुरेसन' भन्ने ल्याटिन भाषाको 'मिन्स'बाट भएको हो । यसको अर्थ महिना भन्ने हुन्छ । महिना शब्द चन्द्रमासँग सम्बन्धित छ । चन्द्रमाको चक्रसँग रजस्वलाको सम्बन्ध रहेको देखिन्छ । क्रिस्टोफर नाइडाले रजस्वलालाई रगतसँग सम्बन्धित संस्कृतिको उपज भनेकी छिन् । भारतीय अनुसन्धानकर्ता युरिकाले महिलाको स्त्रीत्वको प्रारम्भ रजस्वलापछि हुन्छ भनेकी छिन् । आइभोरीकोष्टमा युवतीको पहिलो रजस्वला हुँदाको समयलाई उत्सवको रूपमा लिइन्छ, पहिलो रजस्वलालाई फल लाग्नुपूर्व फुलेको फूलका रूपमा लिइन्छ । तर, हामीकहाँ भने यही रजस्वला कतिपय महिलाका लागि अभिशाप बन्ने गरेको छ । सुदूरपश्चिमको छाउपडी प्रथा रजस्वलाका नाममा महिलामाथि गरिने हिंसा हो, यसका लागि सम्बन्धित ऐन-कानुनको प्रभावकारी कार्यान्वयनका साथै सामाजिक अभियानको पनि आवश्यकता छ ।

*साभार : संचारिका फिचर सेवा*

*(शाही सुर्खेत क्याम्पसका उपप्राध्यापक हुन्)*

# दाइजो : पुरुषकेन्द्रित जनचेतना आवश्यक

**दाइजोसम्बन्धी केही घटनालाई लिएर केही उजुरी प्रहरी कार्यालयमा परे पनि ती प्रायः ज्यान गइसकेपछि या ज्यान जाने अवस्थाको सिर्जना भएपछि मात्रै पर्ने गरेका छन् ।**

**✍ देवेन्द्र कार्की**

गत चैत, वैशाख र असारमा सप्तरीमा लगातार तीन महिलाको हत्या भयो । यी तीनवटै हत्या मागअनुरूपको दाइजो नल्याउँदा पति, सासू र ससुरासहितको संलग्नतामा गरिएको थियो । ०६८ साल असार ७ गते सप्तरीको भारदह- ४ की २८ वर्षीया रिनादेवी मिश्र मारिइन् । पति, सासू र ससुराको चरम यातनाबाट उनी मारिएको उनका भिनाजु सुधानन्द ठाकुरले बताए । प्रहरीका अनुसार उनका बाबुको मृत्यु भइसकेको थियो, घरका सदस्यले बाबुको नाममा बैंकमा रहेको रकम र माइतीको जायजेथा घरमा ल्याउन दबाब दिँदै आएका थिए । उनले रकम नल्याएपछि

रिनाको हत्या गरिएको भिनाजु ठाकुरको भनाइ छ ।

सप्तरीकै मलेकपुर- ६ की २० वर्षीया सुशीला रामको गएको वैशाख १७ गते हत्या भयो । हत्यालगत्तै ससुरा विष्णुदेव रामसहितले घरदेखि दुई सय मिटर पर रहेको पोखरीको डिलमा उनको दाहसंस्कार गरे । आठ वर्षअघि उनको विवाह भएको थियो । विवाहमा मोटरसाइकल, टीभी, सुन र नगद गरी सात लाखबराबर दाइजो दिएको सुशीलाका बाबु सीताराम रामले बताए । तर, सात लाख दाइजो पर्याप्त नभएको भन्दै छोरीलाई यातना दिएको उनको भनाइ छ । यस्तै गएको चैत २९ गते छिन्नामस्ता- ७ मोहनपुरकी २२ वर्षीया विभादेवी मण्डललाई पनि पति पुरन, सासू फुलोदेवी र जेठाजु कमलेशले दाइजो नल्याएको आरोपमा हत्या गरेको भन्दै मृतकका पिता राजदेव मण्डलले प्रहरीसमक्ष उजुरी गरे । निम्न वर्गका राजदेवले पर्याप्त दाइजो दिन नसक्नु उनकी छोरीको हत्याको कारण बन्यो ।

यी प्रतिनिधि घटना दाइजोको नाममा तराईका महिलामाथि हुने अत्याचारका उदाहरण हुन् । यस्ता धेरै घटना बाहिर आउन सकेका छैनन् । आफूमाथि थप हिंसा हुन सक्ने भयका कारण कति महिला आफूमाथि भएका घटना सार्वजनिक गर्न चाहँदैनन् । नेपालको कानुनले दाइजो लिनु-दिनु दुवैलाई दण्डनीय मानेको छ । तर, तराईका गाउँमा दाइजो लेनदेन कायमै छ । भनेजति दाइजो नल्याउँदा महिलाले ज्यानै गुमाउनुपरेको छ । दाइजो प्रथालगायत महिला हिंसाका विरुद्ध वकालत गर्ने नेपालमा प्रशस्त संस्था खुलेका भए पनि गाउँसम्म पुगेर खबरदारी गर्नेहरूको सङ्ख्या कम छ । लोग्ने तथा घरपरिवारका सदस्यको पिटाइ र अत्याचार सहनुलाई जीवनको स्थायी पीडाको रूपमा लिएर बाँच्नेहरूको सङ्ख्यामा मधेस आन्दोलनले पनि कुनै सुधार ल्याउन सकेन । जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कअनुसार दाइजोको निहुँमा गत वर्ष चारजना महिलाले ज्यान गुमाएका थिए ।

दाइजोसम्बन्धी केही घटनालाई लिएर केही उजुरी प्रहरी कार्यालयमा परे पनि ती प्रायः ज्यान गइसकेपछि या ज्यान जाने अवस्थाको सिर्जना भएपछि मात्रै पर्ने गरेका छन् । सामान्य छलफल या न्यून जरिवाना तिरेर दोषीलाई उन्मुक्ति दिने परिपाटीले महिला हिंसा बढ्दो क्रममा रहेको अधिकारकर्मी बताउँछन् । प्रहरीसम्म मुद्दा पुगे पनि महिलालाई छलफलबाट मिल्न लगाउने प्रवृत्ति हावी भएको सप्तरी इन्सेक प्रतिनिधि प्रकाश खतिवडाले बताए । तराईमा घरेलु हिंसाका पनि अनेक रूप छन् । दाइजो, घरेलु हिंसा, बोक्सी आरोप, छुवाछुतलगायतका हिंसाबाट मधेसका महिला प्रताडित छन् ।

महिला हिंसा न्यूनीकरणका लागि काम गर्दै आएको समग्र जनउत्थान केन्द्र र हिमराइट्सले सप्तरीमा आठ महिनाको अवधिमा १७ वटा गम्भीर महिला हिंसाका घटना भएको तथ्याङ्क गत भदौमा सार्वजनिक गरेको थियो । तथ्याङ्कअनुसार घरेलु हिंसाबाट चारजना महिलाले ज्यान गुमाएका छन् । यसबीचमा ६ जना महिला बलात्कारको सिकार भए भने पाँचजनालाई बोक्सीको आरोपमा यातना दिइएको थियो । हिमराइट्सका जिल्ला संयोजक दिलीप सिंहका अनुसार दाइजो प्रथाका कारण हुने घरेलु हिंसा, भ्रूणहत्या, ज्यान मार्ने, जलाइदिने, छोरीलाई शिक्षा र अवसरबाट वञ्चित गराउनेजस्ता घटना सप्तरीमा हुने गरेका छन् । राईले भने, 'महिला हिंसा तराईमा स्थायी समस्याको रूपमा रहेको छ । घरेलु हिंसासम्बन्धी कानुन भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।'

महिला पुनर्स्थापना केन्द्र (ओरेक)का अनुसार एक महिना (साउन) मा दुई सय १५ जना महिला हिंसापीडित भएका थिए जसमा मुलुकभर २३ जना महिलाको विभिन्न बहानामा हत्या गरिएको थियो । ३४ जना महिला बलात्कारको सिकार भएका थिए । ७२ जना कुटपिटबाट पीडित भएका थिए । यौनजन्य हिंसा, मानसिक एवम् शारीरिक यातना, ज्यान मार्ने धम्कीलगायत अनेक यातनाबाट महिला प्रताडित भएका थिए । यस्तै भदौमा यो सङ्ख्या बढेर दुई सय ७३ पुगेको थियो ।

नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयास चन्द्रशमशेरको पालामा सन् १९२० मा सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ । पछि घरेलु हिंसा हस्तक्षेपको विषय हो भन्ने मान्यता सन् १९९५ को बेइजिङ सम्मेलनपछि भएको हो । त्यसपछिका दिनहरूमा लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्,

यद्यपि कानुनको कार्यान्वयन भने अत्यन्त फितलो छ ।

धेरैजसो घटनामा दाइजो नल्याएको निहुँ, गरिबी, महिलाको चरित्रमाथिको शङ्कालगायतका कुराबाट महिलामाथि हिंसा हुने गरेको छ । महिला चुलाचौका छाडी घरबाहिर गएर काम गर्न चाहनु, बच्चाको हेरविचारमा पुरुषको सहयोग र समन्वयको अपेक्षा गर्दा पनि हिंसा उत्पन्न हुने गरेको पाइन्छ । घरेलु हिंसा अशिक्षित, गरिब र ग्रामीण समुदायमा मात्र सीमित रहेको छैन, यसबाट शिक्षित तथा धनाढ्य र सहरियाहरू पनि प्रताडित छन् । प्राध्यापक, समाजसेवी, डाक्टर, पत्रकार, नायिकाहरूसमेत घरेलु हिंसाबाट अछुतो छैनन् । महिलामाथि हुने सबैखाले हिंसा न्यूनीकरण गर्न मान्छेमा भएको पुरातनवादी सोच र रुढिवादी संस्कृति बदल्न आवश्यक देखिन्छ । राज्यले पनि घरेलु हिंसालाई 'गम्भीर अपराध'को रूपमा लिनुपर्छ । घरेलु हिंसासम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन र पुरुषकेन्द्रित जनचेतना कार्यक्रम गाउँगाउँमा पुऱ्याउन सके केही हदसम्म न्यूनीकरणको अपेक्षा गर्न सकिन्छ ।

*साभार : संचारिका फिचर सेवा*

*(देवेन्द्र सप्तरीको फत्तेपुरबाट प्रकाशित हुने जनता टाइम्स साप्ताहिकका सम्पादक हुन्)*

# लैङ्गिक विभेदको असर

**अभिभावकले आफूसँगै पढ्ने दाजुभाइ र आफूमा पढाइमा विभेद गरेपछि बालिकाको मनोविज्ञानमै पनि असर पर्ने गरेको छ । यसकै कारण उनीहरूमा पढे के हुन्छ र भन्ने भावना आउने, निराशा जाग्ने, विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने, पढाइमा ध्यान नदिनेलगायतका समस्या बढेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ ।**

**✍ संगीता पाण्डेय**

'छोराछोरी बराबरी' सञ्चारमाध्यमहरूमा यो नारा गुन्जन थालेको वर्षौं बितेको छ । यथार्थमा धेरै अभिभावकले छोराछोरीलाई समान व्यवहार गर्न भने अझै थालेका छैनन् । अरू त के पढाइमा समेत छोराछोरीबीच विभेद गर्दा छोरी छोरासरह गुणस्तरीय शिक्षा र सुविधा लिनबाट वञ्चित छन् । गुणस्तरीय शिक्षा र सुविधा नै नपाएपछि छोरीहरू छोरासरह प्रतिस्पर्धामा उत्रन सकेका छैनन् । बरु पढाइमा कमजोर हुँदा उनीहरू अनुत्तीर्ण हुने र पढाइ बीचमै छोड्नसमेत बाध्य भएका छन् । यो समस्या सहरको तुलनामा गाउँ र पहाडको तुलनामा तराईका ग्रामीण क्षेत्रमा बढी छ । त्यसको उदाहरण रूपन्देहीको धकधई गाविसका सलमा र सुष्माकुमारी हुन् ।

तीन दाजुभाइ अङ्ग्रेजी माध्यमबाट पढाइ हुने गाउँको निजी स्कुलमा पढ्न जाँदा रूपन्देहीको धकधई गाविस परासीझुगाकी सलमा खातुन भने सामुदायिक विद्यालयमा पढ्न जान्छिन् । प्रगति निमावि परासीझुगाको कक्षा ६ की विद्यार्थी खातुन नियमित स्कुल पनि जान्नन् । स्कुल जाँदाको दिन पनि गृहकार्य पूरा गरेकी हुन्नन् । नयाँ कापी र मसी किन्न पनि उनी हप्तौँ लगाउँछिन् । प्रगति निमाविकै कक्षा ४ की विद्यार्थी सुष्माकुमारी गुप्ताको अवस्था पनि ठीक त्यस्तै छ । उनका दुई जुम्ल्याहा भाइलाई निजी स्कुलमा पढाउँदा उनलाई भने सामुदायिक स्कुलमा भर्ना गरिएको छ । स्कुल जाँदा पनि कापी, कलम, पोसाक कुनैमा पनि उनको तयारी पुग्दैन । अनियमितताका कारण पढाइमा कमजोर उनी महिनामा ५-६ दिन गयल नै हुन्छिन् । धान रोप्ने, गोड्ने र स्याहार्ने बेलामा त उनी हप्तौँ स्कुल नआउने सहपाठीहरू बताउँछन् । 'स्कुल आएको बेलामा पनि घरमा काम छ भन्दै कति

दिन त १ बजे नै बिदा लिएर जान्छिन्,' सुष्माकुमारीका सहपाठी कृष्ण गुप्ताले भने ।

सलमा र सुष्माकुमारीले अल्छी भएर वा बिरामी भएर गृहकार्य नगर्ने, नियमित विद्यालय नआउने र पढाइमा बेवास्ता गर्ने गरेका भने होइनन् । पढाइभन्दा घरको कामलाई ध्यान दिनुपर्ने र घरकै काममा मात्र व्यस्त हुनुपरेकाले उनीहरूको पढाइमा लापरबाहीपन देखिएको हो । 'छोरीको पढाइप्रति अभिभावकले गर्ने विभेद र लापरबाहीका कारण उनीहरू पढाइमा कमजोर भएका हुन्,' विद्यालयका शिक्षक अर्जुनप्रसाद चौधरी भन्छन्, 'उनीहरूको अवस्थाबाट हामी दिक्क भएका छौं । तर, यसबारेमा जति सम्झाए पनि अभिभावकहरू सम्झने र सच्चिने पक्षमा छैनन् ।'

छोरी नपढाउने रूपन्देहीको दक्षिणी भेगका अभिभावकहरूले पछिल्लो समयमा छोरीलाई पढ्न पठाउन थालेका छन् । यद्यपि उनीहरूको शिक्षा र सुविधामा भने विभेद गर्ने गरेका छन् । उनीहरू छोरालाई निजी स्कुलमा पढाउँदा छोरीलाई मदरसा तथा सरकारी स्कुलमा पढाउने, घरमा गृहकार्य गर्ने समयमा काममा लगाउने, नियमित विद्यालय नपठाउने, किताब, कापी, झोला र पोसाक समयमा नकिनिदिने, किनिदिए पनि कमसल किनिदिने गरेका छन् । अभिभावकहरूले छोरीप्रति गर्ने यही विभेद र छोरीको पढाइमा गर्ने बेवास्ताका कारण गुणस्तरीय शिक्षा लिनबाट अझै पनि धेरै बालिका वञ्चित रहेका छन् । अभिभावकहरूको स्वीकृति नहुँदा विद्यार्थीबीच प्रतिस्पर्धात्मक भावना जगाउने नाचगान, अभिनय, विद्यालयबाहिर हुने खेलकुदलगायतका अतिरिक्त क्रियाकलापमा पनि भाग लिनबाट धेरै बालिका वञ्चित रहेको विद्यालयहरूको भनाई छ । 'अभिभावकहरूको स्वीकृति नहुँदा धेरैजसो छात्रालाई विद्यालयबाहिर प्रतिस्पर्धामा लैजान त पाइन्न नै कतिपय समयमा विद्यालयभित्रै छात्रछात्राबीच अतिरिक्त क्रियाकलाप गराउँदा पनि अभिभावक रिसाउने गर्छन्,' जानकी निमावि वैरघाटकी शिक्षक रेणु त्रिपाठीको भनाइ छ । शिक्षक त्रिपाठीका अनुसार तराईका विभिन्न जातजातिमध्ये मुस्लिम समुदायमा यो विभेद बढी छ । यहाँका धेरैजसो मुस्लिम समुदायमा छोरीहरू किशोरी भएपछि केटाहरूसँग खेल्न त के बोल्न पनि रोक लगाउने गरिन्छ । त्यसैले छोरीलाई विद्यालय पठाए पनि उनीहरू केटाहरूसँग घुलमेल हुन र प्रतिस्पर्धात्मक खेल खेल्न दिँदैनन् । विद्यालयमा छात्रछात्राबीच समान व्यवहार गरे पनि घरमै असमान व्यवहार भएपछि त्यसको प्रत्यक्ष असर विद्यालयमा र उनीहरूको पढाइमा पनि पर्ने शिक्षक त्रिपाठीको अनुभव छ । 'भनिन्छ मानिसको पहिलो विद्यालय घर हो । त्यही घरमै विभेद भएपछि विद्यालयको शिक्षाले मात्रै नपुग्ने रहेछ,' उनले भनिन् ।

विद्यालयमा छात्र र छात्राबीच विभेद नहोस्, दुवैले समान सेवा र सुविधा पाउन् भनेर विकटका चार दर्जन विद्यालयमा छात्रामैत्री शिक्षा लागू गरेर छात्रामैत्री विद्यालय बनाउने अभ्यास थालिएको जिल्ला शिक्षा कार्यालयका उपसचिव थानेश्वर ज्ञवालीले बताए । उनका अनुसार छात्रा शिक्षा सञ्चालन भएपछि सबैजसो विद्यालयमा एउटा मूल छात्रा क्लब र त्यसअन्तर्गत कक्षा-कक्षामा छात्रा क्लब गठन भएका छन् । विद्यालयमा छात्रालाई परेका समस्या सुन्ने र फैसला गर्ने काम क्लबलाई जिम्मा दिइएको छ । महिनावारीको समयमा छात्रालाई प्रयोगात्मक खेल खेल्न नपर्ने नियम बनाइएको छ । उनीहरूलाई प्रोत्साहित गर्न र विद्यालयमा समस्या हुन नदिन छात्राका लागि छुट्टै शौचालय र पानीको धारो बनाउने, छुट्टै खेलमैदान र सामग्री दिने, पढाइ र खेलाइमा छुट्टै प्रतिस्पर्धा गराउने, गरिब र जेहेनदार छात्रा छनोट गरी छात्रवृत्ति दिने काम पनि थालिएको छ । विद्यालयमा यति हुँदाहुँदै पनि अभिभावकले पढाइमा गर्ने विभेदले रूपन्देहीका धेरैजसो सामुदायिक विद्यालयका छात्राको पढाइमा समस्या भएको उपसचिव ज्ञवाली बताउँछन् । यसले गर्दा नियमित विद्यालय पठाउने छात्रा छात्रसरह पढाइमा प्रतिस्पर्धामा उत्रन पनि सकेका छैनन् । यति मात्रै होइन, अभिभावकले आफूसँगै पढ्ने दाजुभाइ र आफूमा पढाइमा विभेद गरेपछि बालिकाको मनोविज्ञानमै पनि असर पर्ने गरेको छ । यसकै कारण उनीहरूमा पढे के हुन्छ र भन्ने भावना आउने, निराशा जाग्ने, विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने, पढाइमा ध्यान नदिनेलगायतका समस्या बढेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ । तथ्याङ्कअनुसार गएको सेन्टअपमा अनुत्तीर्ण सामुदायिक विद्यालयका विद्यार्थीमध्ये ७७ प्रतिशत छात्रा रहेका छन् । यस्तै कक्षा ८ मा फेल प्रतिशतमध्ये करिब ७० प्रतिशत छात्रा छन् । जिल्ला शिक्षा कार्यालयका उपसचिव थानेश्वर ज्ञवालीका अनुसार, त्यसको ठीक विपरीत

अभिभावकले छोरासरह छोरीको पढाइमा पनि ध्यान दिने निजी विद्यालयमा पढ्ने विद्यार्थीमा भने छात्राको पढाइको स्तर र उत्तीर्ण हुने दर दुवै बढी छ । यसलाई अभिभावकले ध्यान दिए छात्रभन्दा छात्राले राम्रो पढ्न सक्छन् भन्ने उदाहरण मान्न सकिन्छ ।

जिल्ला शिक्षा अधिकारी चन्द्रकान्त भुसालले आफूहरूले प्रयास गरे पनि परम्परादेखि छोराछोरीबीच विभेद गर्ने संस्कार रहेको समाजमा तत्काल शिक्षामा हुने विभेद हटाउन गाह्रो भइरहेको बताए । त्यसका लागि विद्यालयको प्रयासका साथै लैङ्गिक विभेदविरुद्ध काम गर्ने सामाजिक सङ्घसंस्थाले अभिभावकहरूमा केन्द्रित सचेतना कार्यक्रम गाउँगाउँसम्म पुऱ्याउनुपर्ने उनको धारणा छ । सबै मिलेर यो विभेदको अन्त्य गर्न नसके समानताको लक्ष्य टाढै रहनेछ ।

*साभार : संचारिका फिचर सेवा*

*(संगीता नयाँ भावना दैनिक बुटवलसँग सम्वद्ध पत्रकार हुन्)*

# आत्मनिर्भर हुँदै रुकुमका महिला

**गाउँठाउँमा उपलब्ध हुने कच्ची स्रोतसाधनको सही सदुपयोग गर्न सके रुकुममा मात्र नभएर अन्य जिल्लामा पनि लघु आर्थिक क्रान्ति ल्याउन सकिने विश्वास गर्न सकिन्छ । हातमा पैसा आउन थालेपछि यहााका महिलामा घरेलु हिंसामा कमी आएको छ ।**

**✍ नुमा रिजाल**

रुकुमको विकट गाविस राङ्सीका महिला आफ्नै गाउँमा अल्लोबाट नेपालीकागज निर्माण गर्दै आत्मनिर्भर बन्न थालेका छन् । विकासको दृष्टिकोणले एकदमै पछाडि परेको गाविसका पिछडिएका वर्ग र महिलाले हातेकागज उत्पादन गरी आफ्नो दैनिकी धान्न थालेका हुन् ।

'किन जानुपऱ्यो कालापहाड घरपरिवार चलाउनका लागि ? हाम्रा लागि त गाउँमा नै रोजगारी खुलिसकेको छ,' गाउँका दिदीबहिनीसँगै जङ्गलबाट अल्लो ल्याउँदै गरेकी हेमकुमारी बुढा बताउँछिन् । अर्काको देशमा अनेक दुर्व्यवहार सहँदै काम गर्नुपर्ने बाध्यता हटेर गएकोमा बुढा खुसी देखिन्छिन् । 'मलाई यस्तो दुर्गम ठाउँमा पनि यसरी उद्योग खुल्ला र हामीले रोजगारी पाउँला भन्ने पनि लागेको थिएन,' उनी भन्छिन् । महिलालाई घरपरिवार चलाउन गाह्रो, त्यसमा पनि महिलाले पुरुषले जस्तो काम गर्न सक्दैनन् भनेर हेला गर्ने प्रवृत्ति थियो, तर महिलाले चाहेपछि के गर्न सक्दैनन् भन्ने उदाहरण पनि अहिले राङ्सी गाउँमा छ । अल्लोबाट सल, झोला, बर्को बुनेर आफूले मासिक आठदेखि १२ हजारसम्म आम्दानी गर्ने गरेको हेमकुमारीले बताइन् ।

यस्तै गाउँमा बसेर दिन बिताउन गाह्रो भएको बेला राङ्सी कार्यकेन्द्रमा अल्लोबाट कपडा बुनाइ र लोक्ताबाट नेपाली हातेकागज उद्योग स्थापना गरेपछि दिन बिताउन सजिलो भएको राङ्सीनिवासी बिमलाकुमारी थापाको अनुभव छ । गाउँमै उद्योग स्थापना भएपछि रोजगारीका लागि पनि सजिलो भएको उनले बताइन् । विकट गाउँमा रोजगारीको कल्पना पनि नगरेको बेला यस्तो घरेलु उद्योग स्थापना हुँदा गाउँलेमा खुसी छाएको छ । अल्लोका सामान बनाएर आफूले मासिक आठदेखि १२ हजारसम्म आम्दानी गर्ने गरेको विमलाले बताइन् ।

राङ्सीकी तिलमाया बुढा पनि आफूलाई घरपरिवार धान्नका लागि सजिलो भएको बताउँछिन् । 'हामीलाई अल्लोबाट लुगा र लोक्ताबाट नेपाली कागज बन्छ भन्ने पनि थाहा थिएन, तर आज हामी आफैं गराउन सक्ने भएका

छौं,' उनले भनिन् । गाउँगाउँमा रोजगारी पाएपछि घरपरिवार चलाउन महिलालाई सजिलो भएको छ ।

दिलमाया पुन पनि विपन्न वर्गकी महिला हुन् । यो उद्योग सञ्चालन नहुन्जेल कृषिलगायत अरूको काममा लागेर उनले जीविकोपार्जन गर्दै आएकी थिइन् । सामुदायिक वन उपभोक्ता समूहले उक्त उद्योग स्थापना गरेपछि उनलाई दुई-चार पैसाको मुख हेर्न गाह्रो छैन । 'हामीजस्ता गरिब परिवारका लागि यस्तो रोजगारी मिलेको छ, हातमा पैसा भएपछि त परिवारका सदस्यले पनि हेप्न सक्दारहेनछन्,' दिलमायाले भनिन् ।

यो सामुदायिक उद्योगमा विपन्न महिला, दलित तथा जनजातिहरूको सहभागिता रहेको छ । अल्लो प्रशोधन र लोक्ता प्रशोधन एवम् नेपाली कागत कार्यमा दलित १० जना, जनजाति १७ जना, महिला २९ जना लाभान्वित भएका छन् । लोक्ता सङ्कलनमा सेपेचारपाते सामुदायिक वन उपभोक्ता समितिका २० जना विपन्न महिला, दलित तथा जनजातिले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन् भने कागज उद्योग सञ्चालनबाट नियमित ६ जना महिलाले उद्योगमा रोजगार पाइरहेका छन् ।

अल्लोबाट सल, झोला, बर्की (पछ्यौरा) बुनी सामुदायिक वन उपभोक्ता समितिका आठजना विपन्न दलित तथा जनजाति महिलाले मासिक आठदेखि १२ हजार आम्दानी गरिरहेका छन् । यस्तै सिद्धपातल सामुदायिक वन उपभोक्ता समिति रन्मा मैकोट, कोल सामुदायिक वन उपभोक्ता समिति, गोलखाडा सामुदायिक वन उपभोक्ता समिति, सेपेचारपाते सामुदायिक वन उपभोक्ता समिति राङ्सी र कप्गार सामुदायिक वन उपभोक्ता समिति प्वाङले अल्लो बिक्री गरी वार्षिक रु. २० हजारदेखि ४० हजार आम्दानी गरिरहेका छन् । नेपाली हातेकागज उद्योग स्थापनाका लागि एलएफपी रुकुमले दुई लाख ५० हजार नगद सहयोग गरेको छ । साथै गाविसले ३० हजार र जीटीजेडले ४० हजारबराबरको कर्कटपाता सहयोग गरेको छ । उपभोक्ताको नगद र श्रमदान गरी करिब एक लाख ५० हजारबराबरको योगदान रहेको छ । यस उद्योगले आर्थिक वर्ष ०६७/६८ को पहिलो ६ महिनामा १५ कोरी (तीन हजार पिस) कागज बिक्री गरेर २६ हजार आम्दानी गरेको छ ।

राङ्सी कार्यकेन्द्रमा अल्लोबाट कपडा बुनाइ र लोक्ताबाट नेपाली हातेकागज उद्योग स्थापनाका लागि विशेष जोड गरिएको छ । राङ्सी कार्यकेन्द्र यस उद्योगका लागि प्रशस्त सम्भावना रहेको छ ।

सम्भावित स्रोत र साधनका लागि यस सम्बन्धमा अध्ययन, अनुसन्धान पनि गरिएको थियो । अध्ययनले यस क्षेत्रमा अल्लो तथा लोक्तासम्बन्धी उद्योग स्थापना गर्न सकिने निष्कर्ष निकालेको थियो । सोही अध्ययनका आधारमा अल्लोसम्बन्धी उद्योग स्थापनाका लागि राङ्सी कार्यकेन्द्रअन्तर्गत सामुदायिक वन उपभोक्ता समितिका विपन्न महिला, दलित तथा जनजातिहरूलाई सहभागी गराई दुईपटक गरी ९० दिनको तालिम प्रदान गरिएको थियो भने सहभागीलाई तान, वारपेन ड्रम र चर्खा पनि उपलब्ध गराइएको थियो । उद्योग स्थापनाका लागि जिल्लास्थित घरेलु उद्योग, स्थानीय विकास कोषले पनि सहभागीलाई सामग्री तथा तालिम सहयोग गरेको थियो ।

यसैगरी लोक्ताबाट नेपाली हातेकागज उद्योग स्थापनाका लागि सेपेचारपाते सा.व.उ.स.का २० जना विपन्न महिला, जनजाति तथा दलितलाई २० दिने तालिम प्रदान गरिएको थियो । रुकुमका पूर्वी गाविसमा यातायातको सुविधा पुग्न सकेको छैन । चरम गरिबी, परनिर्भरता, ठूलो परिवार र परम्परागत सीपको सदुपयोग गर्ने ठाउँको अभाव आदि कारणले गर्दा दैनिक जीविकोपार्जनमा बिहान-बेलुका हातमुख जोर्न यहाँका बासिन्दालाई निकै गाह्रो छ । यस्तो ठाउँमा काम पाएपछि महिला आत्मनिर्भर हुँदै गएका छन् । गाउँठाउँमा उपलब्ध हुने कच्ची स्रोतसाधनको सही सदुपयोग गर्न सके रुकुममा मात्र नभएर अन्य जिल्लामा पनि लघु आर्थिक क्रान्ति ल्याउन सकिने विश्वास गर्न सकिन्छ । हातमा पैसा आउन थालेपछि यहाँका महिलामा घरेलु हिंसामा कमी आएको छ ।

*साभार : संचारिका फिचर सेवा*

*(नुमा रुकुमकी पत्रकार हुन् ।)*

# बालविवाहको नियति
# चेपाङ महिलामा बढ्दो पाठेघरको रोग

**गाउामा थोरै छ । परापूर्वकालदेखि चल्दै आएको प्रचलन छोड्नुहुदैन भनेर दूधे बालबालिकाको विवाह गर्ने गरेको चेपाङ जातिकै अगुवा भविकन चेपाङले बताए । ७० वर्षीय भविकन चेपाङको नौ वर्षमा आठ वर्षीया बालिकासाग विवाह भएको थियो ।**

**✍ नरेन्द्र सापकोटा**

मकवानपुरको विकट गाविस काँकडा- १ सिलिङ्गेकी अन्नमाया चेपाङ भर्खर १५ पुगेर १६ वर्षमा टेकेकी छिन् । तर, उनी युवती बन्न नपाउँदै आमा बनिसकेकी छिन् । उनीसँग अहिले काखमा बच्चा छ । १४ वर्ष लाग्न नभ्याउँदै विवाह गरेकी अन्नमायालाई न परिवार नियोजनका साधनबारे जानकारी छ न त आफ्नो र शिशुको स्याहारकै विषयमा । चेपाङ भाषाबाहेक अरू भाषा नबुझ्ने उनको विवाह अभिभावकले गाउँकै १६ वर्षीय सर्वधनसँग गरिदिएका हुन् । अन्नमायाजस्ता थुप्रै चेपाङ महिला साने उमेरमा विवाह गर्ने र धेरै सन्तान जन्माउने गरेका कारण पाठेघरको समस्याबाट पीडित बन्दै आएका छन् ।

काँकडा- ७ रङ्दोलकी २० वर्षीया अष्टमाया चेपाङ विवाह हुँदा ११ वर्षकी थिइन् । उनले पनि अहिलेसम्म चार सन्तान जन्माइसकेकी छिन् । पहिलो सन्तान मरे पनि अहिले उनको साथमा दुई छोरी र एक छोरा छन् । काखको छोरा सानै छ । 'पहिला केही थाहा थिएन, विवाह भइहाल्यो अहिलेचाहिँ २० वर्ष पुगेपछि मात्रै विवाह गर्नुपर्छ भन्ने थाहा पाएकी छु,' उनले भनिन्, 'पछि थाहा पाएर के गर्नु ? विवाह भइसक्यो ।' अन्नमाया र अष्टमाया दुवै अहिलेदेखि नै पाठेघरको समस्याबाट पीडित बनिसकेका छन् । काँकडा- १ सिलिङ्गेकी ५१ वर्षीया दिपीमाया चेपाङ पनि विवाह गर्दा ११ वर्षकी मात्रै थिइन् । ४० वर्षको अन्तरालमा उनले आठ सन्तानलाई जन्म दिइन् । तीमध्ये पाँचजना मात्रै जीवित छन् । 'उहिलेको समयमा बुबाआमाले बिहे गरिदिएपछि नमान्ने कुरै भएन, धेरै बच्चा पाएर होला अहिले पाठेघरमा समस्या आएको छ,' उनले भनिन् । चेपाङ समुदायमा अहिले पनि बालविवाह व्याप्त रहेको छ, जसले गर्दा यो समुदायमा बाल र मातृ मृत्युदर दुवै उच्च रहेको छ ।

शैक्षिक तथा सामाजिक रूपले पछाडि परेको र आर्थिक रूपले विपन्न रहेकाले चेपाङ समुदायमा बालविवाह हट्न नसकेको हो । बालविवाह गर्नुहुँदैन भनेर बुझ्नेको सङ्ख्या गाउँमा थोरै छ । परापूर्वकालदेखि चल्दै आएको प्रचलन छोड्नुहुँदैन भनेर दूधे बालबालिकाको विवाह गर्ने गरेको चेपाङ जातिकै अगुवा भविकन चेपाङले बताए । ७० वर्षीय भविकन चेपाङको नौ वर्षमा आठ वर्षीया बालिकासँग विवाह भएको थियो । अहिले उनका १६ जना छोराछोरी छन् । जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने चेपाङ बाहुल्य काँकडा, राक्सिराङ, खैराङ, भार्ता, कालिकाटार, सरिखेत र डाँडाखर्कका चेपाङ समुदायमा ८२ प्रतिशत बालविवाह हुने गरेको एक सर्वेक्षणबाट देखिएको छ । बालबालिका कल्याणकारी संस्था काठमाडौंले ती गाविसमा गरेको सर्वेक्षणअनुसार सातदेखि १३ वर्षसम्मका बालबालिकाको विवाह हुने गरेको उल्लेख छ । बालविवाहका कारण यस क्षेत्रका अधिकांश महिला रोगीजस्ता देखिन्छन् । ४० वर्षको उमेर काट्न नपाई धेरैको मृत्यु हुने गरेको प्रतिवेदनमा जनाइएको छ । अशिक्षाका कारण चेपाङमा यो प्रथा कायम रहेको प्रतिवेदनमा उल्लेख छ । जिल्लामा करिब २० हजार चेपाङ जातिको बसोबास छ । जसमध्ये सात महिलासहित ६० जनाले एसएलसी गरेका छन् । हालसम्म १७ प्रतिशत चेपाङमात्र साक्षर छन् ।

मकवानपुरसहित चितवन, धादिङ र गोरखामा चेपाङ समुदायको बसोबास छ। चारै जिल्लामा बसेका चेपाङ समुदायमा बालविवाह अझै व्याप्त छ। सभासद् गोविन्दराम चेपाङका अनुसार, बालविवाहकै कारण उनीहरू सानैमा आमा बन्न बाध्य छन्। चेतनाको अभाव, गरिबी र विवाह भइसकेपछि लगातार सन्तान जन्माउनाले अधिकांश महिला सानै उमेरमा पाठेघरको रोगी हुने गरेका छन्। 'एउटी चेपाङ महिलाले १९ जनासम्म बच्चा जन्माएको हामीले भेटेका छौँ,' सभासद् चेपाङको भनाइ छ। स्वास्थ्य सन्देश र चेपाङहरूको चेतनाको स्तर वृद्धिका लागि सरकारले आवश्यक कदम चाल्न नसकेको भन्दै उनले भने, 'न उनीहरूलाई गर्भावस्थामा आफ्नो ख्याल कसरी गर्ने भन्ने थाहा छ न शिशुको स्याहार गर्नेबारे नै जानकारी छ, ढुङ्गाले बच्चाको साल काट्ने चलन अझै हटेको छैन। यस्तो सामान्य चेतनाको समेत अभाव छ।'

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका वरिष्ठ अहेव भोला चौलागाईंले चेतनाको अभावका कारण उनीहरू सानै उमेरमा पाठेघरको समस्याबाट पीडित हुने गरेको बताए। सानै उमेरमा विवाह गर्ने, परिवार नियोजनको साधन प्रयोग नगर्ने र यौनाङ्गको सरसफाइमा ध्यान नदिने भएकाले पाठेघरमा सङ्क्रमण हुने गरेको उनले बताए। 'सुत्केरी अवस्थामै काममा जाने गर्दा महिलाहरू किशोरी अवस्थादेखि नै झरेको पाठेघर लिएर हिँड्न बाध्य छन्,' अहेव चौलागाईंले भने, 'यसको न्यूनीकरणका लागि सबैभन्दा पहिला चेपाङहरूको चेतनाको स्तर बढाउनु आवश्यक छ।' चेपाङ समुदाय बसोबास गर्ने ठाउँहरू भौगोलिक रूपले विकट भएकाले सरकारी स्वास्थ्य सेवा प्रभावकारी हुन नसक्दा पनि समस्या न्यूनीकरण हुन नसकेको उनको भनाइ छ। स्वास्थ्यचौकी भए पनि पायक नपर्ने र भएका स्वास्थ्यचौकीमा पनि दरबन्दी अभावमा स्वास्थ्यकर्मी नहुने भएकाले स्वास्थ्य सेवा सुलभ हुन सकेको छैन।

राज्यले ग्रामीण भेगमा भएका स्वास्थ्यचौकीबाट प्रदान गरिने सेवा चुस्त र प्रभावकारी बनाएर समस्या न्यूनीकरणका लागि प्रयास गर्नुपर्ने सरोकारवालाहरू बताउँछन्। साथै उनीहरूकै भाषामा स्वास्थ्य सन्देश पुर्‍याउन सके धेरै महिला युवती नहुँदै आमा हुने क्रम रोकिने उनीहरूको धारणा छ। विकट गाविसका चेपाङ महिलाले रोग लुकाएर बस्ने हुनाले पनि समस्या परेको हो। उनीहरू आफूलाई लागेको रोगबारे खुलेर कुरा गर्न नचाहने भएकाले कम उमेरमै जटिल रोगबाट पीडित भइरहन बाध्य छन्। त्यसैले महिला र स्वास्थ्य क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरू तथा सरकारको ध्यान सो क्षेत्रमा जान सके चेपाङ महिला आफैँ रोग निम्त्याउनबाट पछि हट्ने सरोकारवालाको अपेक्षा छ। चेपाङ महिलाको स्वास्थ्यलाई जोखिमपूर्ण बनाउनबाट रोक्नका लागि चेपाङ पुरुष पनि त्यत्तिकै सचेत हुन जरुरी छ।

*साभार : संचारिका फिचर सेवा*

(नरेन्द्र मकवानपुरका पत्रकार हुन्)

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ । प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन् । फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ । प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ । प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौँ । यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं । फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौँ । फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौँ ।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**